# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, वैशाख ३१ गते २०५३ साल (संख्या ५

## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री दीपेन्द्रपुरुष ढकाल सिभिल एभिएशन सिष्टम डेभलपमेण्ट इन द ट्वाण्टी फष्ट सेन्चुरी कार्यक्रममा भाग लिन संयुक्तराज्य अमेरिकाको लस एन्जेलस तर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद पौडेललाई मिति २०५३।१।७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई एशियाली विकास बैंकको २९ औं वार्षिक बैठकमा भाग लिन २०५३।१।१६ गते फिलिपिन्सको राजधानी मनिलातर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्कि हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री टीकादत्त निरौलालाई मिति २०५३।१।१६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

श्रम मन्त्रालयका सचिव श्री आनन्द बल्लभ जोशी थाइल्याण्डको फुकेटमा आयोजना हुने "Regional Symposium on Tripartism" विषयक गोष्ठीमा भाग लिन जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री छविराज पन्तलाई मिति २०५३।१।१० गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव

## नेपाल अधिराज्यका
## महान्यायाधिवक्ताको कार्यालयको सूचना

यस कार्यालयमा रिक्त रहेको वरिष्ठ सरकारी अधिवक्ता (रा.प. विशिष्ठ श्रेणी) पदमा यसै कार्यालयका सरकारी अधिवक्ता सुश्री शारदा बज्राचार्यलाई सरकारी वकील सम्बन्धी नियमावली, २०२८ को नियम ८ को उपनियम (४) बमोजिम महान्यायाधिवक्ताबाट मिति २०५३।१।१ देखि लागू हुने गरी कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
प्रेमबहादुर विष्ट
वरिष्ठ सरकारी अधिवक्ता

१४०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले सन् १९९६ को वसन्त ऋतु (मार्च महिना) देखि लागू हुने गरी पर्वतारोहणको सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ ।

(१) सगरमाथामा एक ऋतुमा एक मार्गबाट एकभन्दा बढी आरोहण दललाई आरोहण गर्ने अनुमति दिइने छ ।

(२) सगरमाथा आरोहणको लागि अनुमति प्रदान गर्दा पर्वतारोहण दलको सदस्य संख्याको सीमा तथा सलामी दस्तुर सम्बन्धमा देहायबमोजिम गरिने छ ।

(क) एक दलमा बढीमा सात जनासम्म सदस्य रहने र सो वापत न्यूनतम सलामी दस्तुर अमेरिकी डलर ५०,००० लाग्ने छ ।

(ख) आरोहण दलमा सदस्य संख्या थप गर्न चाहनेहरूका हकमा प्रत्येक थप सदस्यबाट अमेरिकी डलर १०,००० का दरले थप दस्तुर लिई ५ जनासम्म सदस्य थप गर्न सकिने छ ।

(ग) सामान्य मार्ग अथवा दक्षिण पूर्वी धारबाट आरोहण गर्न अनुमति लिने दलहरूले थप अमेरिकी डलर २०,००० बुझाउनु पर्नेछ ।

(३) खुम्बु क्षेत्रलगायत अन्य सबै हिमालहरूमा न्यूनतम सलामी दस्तुर बुझाई बढीमा ७ (सात) जनासम्म र अतिरिक्त सलामी दस्तुर बुझाई ५ (पाँच) जनासम्म सदस्य थप गर्न सकिनेछ ।

(४) हिमालको उचाई अनुसार खुम्बु वा अन्यत्र सबैतर्फ लागू हुने गरी निम्नानुसारको सलामी दस्तुर लाग्ने छ ।

| हिमालको उचाई | न्यूनतम सलामी दस्तुर (अमेरिकी डलर) | प्रतिसदस्य थप सलामी दस्तुर (अमेरिकी डलर) |
|---|---|---|
| ८,००० मिटर भन्दा माथी | – १०,००० | १,५०० |
| ७,५०१ मिटरदेखि ८,००० मिटरसम्म | – ४,००० | ५०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ७,००१ मिटरदेखि ७,५०० मिटरसम्म | – | ३,००० | ४०० |
| ६,५०१ मिटरदेखि ७,००० मिटरसम्म | – | २,००० | ३०० |
| ६,५०१ मिटर भन्दा कम उचाईका हिमालहरू | – | १,००० | २०० |

(५) हाल सगरमाथा आरोहण गर्नको लागि अनुमति पाइसकेका दलहरूले आफूले पाएको आरोहण मार्ग परिवर्तन गर्न चाहेमा थप १०,००० अमेरिकी डलर बुझाउनु पर्नेछ ।

यसरी परिवर्तन गर्दा सामान्य मार्गबाट जान चाहने हो भने त्यस्ता दलहरूले सामान्य मार्गको लागि व्यवस्था गरिएको थप २०,००० अमेरिकी डलर समेत बुझाउनु पर्नेछ ।

(६) सगरमाथाबाहेक अन्य हिमालहरूको अनुमति दिने दलहरूले आफ्नो आरोहण मार्ग परिवर्तन गर्न चाहेमा लाग्ने सलामी दस्तुरको २५ प्रतिशत थप दस्तुर अमेरिकी डलरमा बुझाउनु पर्नेछ ।

(७) पर्वतारोहणको लागि खुल्ला गरिएका तर पर्वतारोहण कार्य हुन नसकेका हिमालहरू र पर्वतारोहणका लागि खोलिने नयाँ हिमालहरूका लागि पहिला अनुरोध प्राप्त भएका आधारमा निश्चित अवधिसम्मका लागि मन्त्रालयले आरोहणका लागि केही दललाई सो बापत लाग्ने सलामी दस्तुर पूरै वा आंशिक छूट दिन सक्नेछ ।

(८) पर्वतारोहणलाई ग्रीष्म ऋतु (जुन, जुलाई र मध्य अगष्टसम्म) र शिशिर ऋतु (डिसेम्बर, जनवरी र मध्य फेब्रुअरीसम्ममा) पनि आकर्षित गर्ने उद्देश्यले मन्त्रालयले आरोहण बापत लाग्ने सलामी दस्तुरमा ४० प्रतिशतसम्म छूट दिन सक्नेछ ।

(९) परिवर्तित व्यवस्था अनुसार बढी सलामी दस्तुर बुझाउनु पर्ने दलले त्यस्तो थप दस्तुर बुझाएमा आरोहण अनुमति दिने र सलामी दस्तुरमा परिवर्तन भएको कारण दर्शाई आफ्नो आरोहण कार्य रद्द गर्न चाहने दललाई पहिला बुझाएको रकम फिर्ता दिइनेछ ।

(१०) सगरमाथा पर्वतारोहण दलका सदस्यहरूलाई ३ महिनाको भिसा उपलब्ध गराउने र तिनीहरूसग पदयात्रा अनुमति दस्तुर लिइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) पर्वतारोहण दलले पर्वतारोहणको कार्य समाप्तभएपछि सो दलहरूको गारवेज उसको मुलुकमा नै फिर्ता पठाउने प्रशासकीय व्यवस्था मिलाउने र उक्त कार्यको लागि उक्त दलसँग आवश्यक रकम मन्त्रालयले धरौटी लिने तथा उक्त सामान नेपालबाट डिसप्याच भएपछि सो रकम फिर्ता दिने व्यवस्था मिलाउने ।

(१२) सन् १९९३ देखि गृष्म ऋतु (जुन, जुलाई र मध्य अगष्टसम्म) मा पनि पर्वतारोहणहरूका लागि हिमाल आरोहण गर्न दिने गरी खुल्ला गर्ने ।

खण्ड ४२, संख्या १७ मिति २०४९।४।१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समह, एयरपोर्ट उप समूहको रा. प. तृतीय श्रेणी (प्राविधिक) पदमा कार्यरत श्री कमल कुमार के.सी. लाई सोही सेवा समूह र उप समूहको राजपत्रांकित द्वितीय (प्रा.) श्रेणी उपसचिव स्तरको पदमा मिति २०५२।४।९ देखि जेष्ठता कायम हुने गरी बढुवा गरी नेपालगंज हवाई कार्यालयको सिनियर डिभिजन इन्जिनियर (रा.प.द्वि.) (प्रा.)पदमा मिति २०५२।९।१३ को निर्णयानुसार पदस्थापना गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले जल तथा मौसम विज्ञान विभागमा कार्यरत नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन समूह, राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) को इलेक्ट्रोनिक्स इन्जिनियर श्री किसोरकुमार भट्टले मिति २०५२।४।२८ देखि लागू हुने गरी आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०५२।८।११ को निर्णयानुसार स्वीकृत गरेको छ ।

आज्ञाले,
दीपेन्द्रपुरूष ढकाल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

९८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।